जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १६३ २०८१ साल माघ १२ गते शनिबार (25 Jan. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जेलमै बसेर पुनरावेदन ... ३ पृष्ठमा : सन् २०२४ मा २४ करोड ... ३ पृष्ठमा : गाजाको भग्नावशेष ...

## महिला अभियन्ताहरुले विवाहको उमेर घटाउने प्रस्ताव बिरुद्ध प्रधानमन्त्रीलाई बुझाए ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिद्वारा गठित उपसमितिले हाल कायम रहेको २० वर्ष विबाहको उमेर हदलाई घटाएर १८ वर्ष राख्ने भनी दिएको प्रस्ताव र सुझाव बिरुद्ध सप्तरीका महिला अभियन्ताहरुले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

उक्त प्रस्ताव र सुझाव आफूहरुलाई अमान्य रहेको तथा विबाहको उमेर हद २० वर्ष नै कायम हुनु पर्ने मागसहित सप्तरीका एक दर्जन महिला अभियन्ताहरुले शुक्रबार प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन बुझाएका हुन् ।

उनीहरुले विगतमा लामो अध्ययन, अनुसन्धान तथा बैज्ञानिक तथ्यका आधारमा कानुनी रुपमै विबाहको उमेर २० वर्ष तय गरिएको भन्दै सोही व्यवस्था कायम राख्नुपर्ने माग समेत गरेका छन् ।

परिकल्पना नेपाल सप्तरीकी अध्यक्ष सुधा देव, मैथिली साहित्य कला प्रतिष्ठान नेपालकी अध्यक्ष रमिला साह, बालबिवाह बिरुद्ध प्रदेश स्तरिय संजालकी रिमा चौधरी, महिला मानवअधिकार संजालकी अनिता देवकोटा, मानवअधिकारका लागि एकल महिला समूहकी माधवी साह, मेची महाकाली बुहारी संयुक्त आबाजकी रत्ना तामाङ, महिला बालबालिका तथा सामुदायिक विकास केन्द्रकी नानीमैया कटुवाल, मैथिली महिला परिषदकी प्रतिमा देवकी साथै इन्टलेक्च्युल फाउण्डेशन नेपाल, ब्रिज नेपाल, संचार यात्रा, युनाइटेड डेप्लपमेन्ट नेपाल लगायत संस्थाका प्रतिनिधि सम्मिलित टोलीले प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका छन् ।

उक्त ज्ञापनपत्रमा मुलुकी देवानीसहिता २०७४ को दफा, ७० उपदफा १ (घ) अनुसार विबाहको उमेर २० वर्ष हुनु पर्ने व्यवस्था हुनुपर्नेमा २०८१ माघ २ गते प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले गठन गरेको उपसमितिले विबाहको उमेर २० वर्षबाट घटाएर १८ वर्षमा झार्न दिएको प्रस्ताव र सुझाव आफूहरुलाई अमान्य हुने उललेख गरेका छन् ।

कम उमेरमा विबाह हुँदा छिटो गर्भवती हुने, बालिकाको मृत्यु हुन सक्ने तथा गर्भवती आमा र बच्चा दुबैको स्वास्थ्यमा गम्भिर असर पर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

यस्तै कम उमेरमा विबाह हुँदा किशोरकिशोरी, महिला तथा युवाको स्वास्थ्य, शिक्षा र मानसिक अवस्थामा पनि प्रत्यक्ष असर पार्ने भनी ज्ञापनपत्र मार्फत चिन्ता व्यक्त गरिएको छ । १८ वर्षमा विहे गर्ने छुटले बालअधिकारको हनन् हुनुका साथै बालमैत्री, बालबिवाह मुक्त पालिका, पोषण मैत्री, बाल श्रम मुक्त स्थानीय तह घोषणा लगायतका अभियान समेत प्रभावित हुने भन्दै ज्ञापनपत्र मार्फत बिगतमा कायम रहेको विबाहको उमेर २० वर्ष नै कायम हुनुपर्ने माग गरिएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दहालले तत्तकालै सम्बन्धीत कार्यालयमा पठाउने प्रतिबद्धता जनाएको महिला अभियन्ता एवं परिकल्पना नेपालकी अध्यक्ष सुधा देवले जनाएकी छिन् ।

## मोटरसाइकलको ठक्करबाट भौतिक पूर्वाधार मन्त्रालयका चालकको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुर, १० माघ ।**

जनकपुरको मधेस भवननजिक भएको मोटरसाइकल दुर्घटनामा परी भौतिक पूर्वाधार मन्त्रालयका चालकको मृत्यु भएको छ ।

शुक्रबार बिहान दुई वटा मोटरसाइकल आपसमा ठोकिदा पूर्वाधार मन्त्रालयका चालक देवेन्द्र यादवको मृत्यु भएको हो ।

उनी जनकपुरको लक्ष्मिनीया गाउँपालिका वडा नम्बर १ निवासी रहेको प्रहरीले जनाएको छ । बिहान कार्यालय आउन लाग्दा मधेस भवन अगाडि विपरीत दिशाबाट विद्यार्थीले चलाएरको मोटरसाइकले ठक्कर दिँदा पूर्वाधार मन्त्रालयका चालकको मृत्यु भएको जनकपुर प्रहरी प्रवक्ता बरुणबहादुर सिंहले बताए ।

टाउकोमा चोट लागेर गम्भीर घाइते भएका यादवलाई अस्पतालमा लैजादै गर्दा मृत्यु भएको हो । मृतक यादव सवार ज १ ब ७५५ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट आइरहेको मधेस प्रदेशको २-०२-००४ प ८१९६ नम्बरको मोटरसाइकलले ठक्कर दिएको प्रहरीले जनाएको छ ।

ठक्कर दिने मोटरसाइकल चालकसहित २ जना प्रहरी नियन्त्रणमा रहेको जनाइएको छ ।

## चिसोका कारण थप चार दिन विद्यालय बन्द



**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

विगत पाँच दिनदेखी सितलहर, बाक्लो हुस्सु तथा हावाका कारण बढेको अत्यधिक चिसोले जनजीवन कष्टकर बन्दै जादा राजविराजका सम्पूर्ण विद्यालयहरुमा थप चार दिन बिदा दिइएको छ ।

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविनले शुक्रबार एक सूचना जारि गरि माघ १३ देखी १५ गतेसम्म नगर क्षेत्र भित्रका सम्पूर्ण संस्थागत तथा निजि विद्यालयहरु बन्द रहने जनाइएको छ ।

जारि सूचनामा "बढ्दै गइरहेको जाडो एवं शीतलहरका कारण विद्यालयहरुमा अध्यनरत बालबालिकाहरुको स्वास्थ्यमा पर्न सक्ने प्रतिकुल असरलाई मध्यनजर गर्दै माघ १३ देखी १५ सम्म र १८ गते शुक्रबार गरि चार दिन विद्यालयका प्रशासनिक कामकाज बाहेक सम्पूर्ण शैक्षिक क्रियाकलाप स्थगित गरिएको छ ।" उल्लेख छ ।

सूचनामा ती बिदाहरु बार्षिक बिदामा मिलान गर्ने गरि प्याबशन, एनप्याबशन र नेपाल प्याबशन सप्तरी समेतलाई बोदार्थ गरिएको छ ।

यता विहानैदेखी चल्ने शितलहरले जनजीवन नराम्ररी प्रभावित भएको छ । बाक्लो हुस्सु र निरन्तर चलिरहेको हावाका कारण चिसो बढ्दा जनजीवन झनै कष्टकर बनेको हो । बिषेश गरी ग्रामिण क्षेत्रका बिपन्न वस्तीमा चिसोले बढी प्रभाव पारेको छ ।

चिसोबाट अति बिपन्न, असहाय र दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवार सबै भन्दा बढी मारमा परेका छन । अत्यधिक चिसोका कारण यहाँका बिभिन्न अस्पतालमा बिरामीको चाप समेत बढेको छ ।

चिसोकै कारण मंगलबार बिहान जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका बडा नं. ४ का ५५ बर्षिय भुटाई साहको मृत्यु भएको थियो ।

**वैदेशिक रोजगारमा जाँदा ख्याल राख्नुपर्ने कुराहरू**

- वैदेशिक रोजगारीका बारेमा राम्ररी बुझेर मात्रै जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा सम्वन्धित देशको नियम कानूनको बारेमा जानकार रहौं,
- आधिकारिक प्रमाणपत्र र कागजात बनाएर मात्रै वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा वैधानिक बाटो प्रयोग गरौं,
- सरकारबाट प्रदान गरिने आधारभूत प्रशिक्षण लिएर मात्रै वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीका नाममा अनेक झुट्टा प्रलोभन देखाएर ठगीको सिकार हुन सक्ने भएकाले सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जेलमै बसेर पुनरावेदन गर्नेलाई ६ महिनाभन्दा बढी थुन्न नपाइने

**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

सर्वोच्च अदालतले धरौटी बुझाउन नसकेर जेल बसी पुनरावेदन दिएका व्यक्तिको मुद्दा ६ महिनाभित्र फैसला हुन नसके कैदमा नराख्न ठहर गरेको छ। प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू विनोद शर्मा, अब्दुल अजिज मुसलमान, सुनिलकुमार पोखरेल र नृपध्वज निरौलाको बृहत् पूर्ण इजलासले गत पुस २६ मा गरेको फैसलाको पूर्ण पाठमा त्यस्तो उल्लेख छ।

तल्लो अदालतबाट भएको फैसलाविरुद्ध माथिल्लो अदालतमा पुनरावेदन दिंदा समयमा मुद्दा फैसला नभएको अवस्थामा पनि थुनामै बस्नुपर्ने बाध्यता छ। तर कानुनमा भने पुनरावेदन दिएको मितिले ६ महिनाभित्र फैसला हुन नसकेका व्यक्तिका हकमा कैदमा राख्नुनपर्ने भनी छुट दिइएको छ। कानुनमा भएको विषय पनि सहज रूपमा कार्यान्वयन हुन नसक्दा फेरि रिट निवेदन लिएर सर्वोच्च अदालत नै धाउनुपर्ने बाध्यता पनि रहेको छ।

विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा १० करोडभन्दा बढी जरिवाना ठहर भई धरौटी राखेर पुनरावेदन गर्न नसकेपछि डिल्लीबजार कारागार कैदमा रहेका रुद्रप्रसाद दाहालको मुद्दाको फैसलाका क्रममा सर्वोच्चले मुद्दा फैसला नहुँदासम्म अदालतको अनुमतिबेगर विदेश जान नपाउने गरी राहदानी रोक्का गरी कैदबाट उनलाई छाड्न फैसला गरेको हो।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ (६) को व्यवस्था अनुसार फैसला गर्न निवेदकको माग थियो। 'धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिने व्यक्तिको पुनरावेदन दर्ता भएको मितिले ६ महिनाभित्र फैसला हुन नसके सम्बन्धित पुनरावेदन सुन्ने अदालतले निजलाई त्यस्तो अवधिपछि कैदबाट छाडी तारिखमा राखी पुर्पक्ष गर्नुपर्नेछ,' दफा १३७ (६) मा उल्लेख छ।

सुरुमा रुद्रप्रसादलाई विशेष अदालतले १८ लाख रुपैयाँ धरौट माग गरेको थियो। दाहाल बैंक जमानत दिई तारिखमा बसेका थिए। त्यसपछि विशेष अदालतबाटै २०७९ चैत ८ मा फैसला भएको थियो। त्यसपछि उनलाई आठ वर्ष कैद र १० करोड ६४ लाख २१ हजार रुपैयाँ जरिवाना ठहर भएको थियो।

फैसला बमोजिम लागेको रकम राखेर पुनरावेदन गर्न नसकेपछि उनी कारागार गएका थिए। कारागार बसेर सर्वोच्चमा २०८० माघ ८ मा पुनरावेदन निवेदन दर्ता गराएका थिए। तर उनको मुद्दा ६ महिना बितिसक्दा पनि फैसला हुन सकेको छैन। उनको मुद्दा हाल सर्वोच्चमा विचाराधीन छ। सर्वोच्चको बृहत् पूर्ण इजलासबाटै निवेदक महेन्द्रप्रसाद मिश्र भएको बैंकिङ कसुर मुद्दाको नजिर पनि फैसलामा उल्लेख छ।

धरौट वा जमानत दिन नसकी कैद बस्नुपरेकाको पुनरावेदन ६ महिनाभित्र फैसला गर्नुपर्ने जिम्मेवारी अदालतलाई कानुनले सुम्पेको छ। 'यदि ६ महिनाभित्र फैसला गर्न सकिँदैन भने अदालत आफूले निर्वाह गर्नुपर्ने कर्तव्य र दायित्व पूरा गर्न नसकेको कारण व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हकमा आघात पुग्नहुँदैन भन्ने मान्यता छ,' फैसलामा भनिएको छ। ६ महिनाभित्र मुद्दा किनारा लाग्न नसके उक्त दफा १३७ (६) को व्यवस्था लागु हुन नसक्ने कानुनत: भन्न नमिल्ने उल्लेख छ।

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५४ ले अदालतबाट कैद सजाय पाएको व्यक्ति कैदमै बस्नुपर्ने भन्ने मुद्दाको फैसलापछि आकर्षित हुने विभिन्न कानुनी व्यवस्था छन्। मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ अनुसार भ्रष्टाचार मुद्दामा अन्तिम फैसलाले भएको कैद सजायबापतमा रकम तिरी कैदबाट मुक्त हुन पाईदैन।

संहिताको दफा १५९ (४) बमोजिम भ्रष्टाचार मुद्दाका कसुरदारलाई भएको सजाय माफी, मुल्तबी, परिवर्तन वा कम गर्ने कारबाही गर्न सकिँदैन। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा २४ (३) ले भ्रष्टाचार मुद्दाको कसुरदारलाई भएको कैद सजाय निलम्बन गर्न सकिँदैन।

सोही ऐनको दफा २९ (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम भ्रष्टाचारमा सजाय पाएको कसुरदारलाई प्यारोलमा राख्न सकिने व्यवस्था छैन। सोही ऐनको दफा ३७ मा कैदमा रहँदा चालचलनमा सुधार आए र ५० प्रतिशत कैद भुक्तान गरे कारागारले लगत कट्टा गर्न सक्नेमा भ्रष्टाचारमा सजाय पाएको कसुरदारलाई बाहेक गरिएको छ। मुलुकी फौजदारी कार्यविधि संहिताको सुविधा लिन भ्रष्टाचार मुद्दामा अदालतबाट कैद सजाय भएका कसुरदारलाई बाहेक गरेको देखिँदैन।

# रेलमार्ग निर्माणको काम रोकियो

महोत्तरी, ११ माघ (रासस)।

स्थानीयवासीको विरोधका कारण महोत्तरीको बर्दिबासमा रेलमार्ग निर्माणको काम रोकिएको छ। अधिग्रहण गरी लिनुपर्ने जग्गाको मुआब्जा समस्या समाधान नै नगरी रेल विभागले बोलपत्र प्रक्रिया थालेको आरोप लगाउँदै बर्दिबास नगरपालिका-१४ का जग्गाधनीले रेलमार्ग निर्माणको काम रोकेका छन्।

जनकपुर-बर्दिबास रेल परियोजनाअन्तर्गत बर्दिबास नगरपालिकामा रहने रेल्वे स्टेशन क्षेत्र नजिकको जग्गामा वर्षौंदेखि बसोबास गर्दै आएका १४ घरपरिवारले सीमाङ्कन गरी विवाद समाधान गरेर मुआब्जा वितरण गर्न रेल विभागसँग माग गरेका थिए। तर, विभागले मनोमानी गरेका कारण आफूहरूले विरोध गर्दै कामकाज ठप्प पारेको स्थानीय मालती खनालले बताउनुभयो।

विभागले लामो समयदेखि ती स्थानमा जग्गाको मुआब्जा विवाद नसुल्झाई हतारमा बोलपत्र प्रक्रिया थालेका कारण स्थानीयले रेल्वेको काममा विरोध गरेपछि कामले गति लिनसकेको छैन।

रेल विभागले सीमाङ्कनबिना बोलपत्र आह्वान गरिदिँदा स्थानीयवासीको जग्गा जथाभावी अधिग्रहण गरिएका छन्। एउटै मापदण्डमा परेका जग्गाको मुआब्जा आफूखुसी फरक-फरक दरमा दिइएको छ। कतिलाई समयमै मुआब्जा दिइएको छभने कतिलाई वर्षौं धाउँदा पनि उपलब्ध नगराउँदा स्थानीय आन्दोलित भएको स्थानीय अगुवा नीरज अधिकारीले बताउनुभयो।

उहाँले हतारमा बोलपत्र प्रक्रिया थाल्नुले विभागको नियतमा शङ्का उत्पन्न भइरहेको आरोप लगाउनुभयो। स्टेशन छेउको उक्त जग्गा २०२२ सालमा नापीले नापजाँच गरेको थियो। तर त्यतिबेला लालपुर्जा भने लिन छुटेको थियो। लालपुर्जा लिएको जग्गा २०७८ सालमा नै प्रतिकट्ठा रू ६१ लाखमा मुआब्जा वितरण भइसकेको छ। तर, लालपुर्जा लिन छुटेका १४ परिवारको मुआब्जा प्राविधिक कारणले रोकिएको स्थानीय खड्गबहादुर सिंहले बताउनुभयो।

पूर्ववडाध्यक्ष भरतबहादुर हमालका अनुसार उक्त जग्गालाई मुआब्जा दिनुपर्छ भन्नेमा रेल विभाग प्रष्ट रहेको भए पनि लालपुर्जा नभएका कारण दिन नसकिएको हो। उक्त जग्गामा मुआब्जा दिनुपर्छ भनेर मन्त्रालयमा सिफारिस गरिसकिएको भन्दै सरकारले निर्णय नगरी मुआब्जा दिने अवस्था नभएको रेल विभागलाई उद्धृत गर्दै पूर्ववडाध्यक्ष हमाल बताउनुहुन्छ।

यस सन्दर्भमा सहायक प्रमुख जिल्ला अधिकारी एवं जिल्ला प्रवक्ता उपेन्द्र न्यौपानेले सो क्षेत्रका स्थानीयले पनि चलनचल्तीभन्दा कम मुआब्जा दिने निर्णय भएको भन्दै लिन अस्वीकार गरेको बताउनुभयो। "आफूहरूले जायजेथा छाडेर हिँड्नुपर्ने अवस्था आएको भन्दै अर्को ठाउँमा बसोबास गर्नसक्ने पैसा सरकारले दिनुपर्ने रेल्वेपीडितको भनाइ छ। यसबारे पीडितसँग विभाग र ठेकेदारले पटकपटक वार्ता गरेका थिए। तर, स्थानीयले सीमाङ्कन गरी मुआब्जा नदिएसम्म काम गर्न नदिने अडान राखेपछि ठेकेदारले पनि यी क्षेत्रमा काम अघि बढाएका छैनन्", सहायक प्रजिअ न्यौपानेले भन्नुभयो।

यस सन्दर्भमा जनकपुर रेल्वेका सूचना अधिकारी कमल साहले ऐन, कानुनअनुसार लालपुर्जा नभएको जग्गाको हकमा मुआब्जा दिन नमिल्ने साथै मुआब्जा के र कुन आधारमा दिने भनी नखोलिएका कारण बर्दिबासका १४ घरपरिवारलाई मुआब्जा वितरणमा समस्या उत्पन्न भएको बताउनुभयो। उहाँले ती घरपरिवार विगत २० वर्षभन्दा पनि बढी समयदेखि त्यस स्थानमा बस्दै आएका भए पनि उनीहरूसँग जग्गाको लालपुर्जा नभएका कारण विभागले मुआब्जा दिन नसकेको बताउनुभयो। तर, उनीहरूकै कारण रेल्वेको कामकाज रोकिएपछि सरोकारवाला निकायसँग मिलेर उनीहरूको समस्याबारे मन्त्रालय हुँदै भूमि आयोगसम्म कुरा पुगिसकेको साथै, मन्त्रिपरिषद्ले समेत उनीहरूको समस्यालाई सम्बोधन गर्न निर्णय गरेर उनीहरूलाई मुआब्जा पाउन जग्गाको लिखित प्रमाण (लालपुर्जा वा अन्य जग्गाको स्वामित्व खुल्ने आधार) बनाइदिन आदेश दिइसकेकाले अब चाँडै समस्या समाधान हुने सूचना अधिकारी साहले बताउनुभयो। उहाँले चाँडै बर्दिबासका आन्दोलित जग्गाधनीले मुआब्जा पाउने विश्वास पनि व्यक्त गर्नुभयो।

अहिले रेल्वेपीडितहरू सङ्घीय राजधानी काठमाडौंस्थित रेल विभाग, मन्त्रालय, भूमि आयोग र अन्य सरोकारवालालाई प्रत्यक्ष भेटघाट गरी आफ्ना समस्या समाधानका लागि थप पहल गरिरहेका छन्। अहिले रेलमार्गमा भइरहेको माटो पुर्ने, लिक बनाउने, पुल बनाउने, जग्गा अधिग्रहण, घरजग्गा खाली गराउनेलगायत सबै कामकाज ठप्प छ।

# अमेरिकी डलरको भाउ बढ्दा कुन-कुन विदेशी मुद्राको घटयो

काठमाडौँ, ११ माघ (रासस)।

नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ।

निर्धारित विनिमयदरअनुसार अमेरिकी डलरको मूल्य शुक्रबार पुनः बढेको छ। निर्धारित दरअनुसार साउदी अरेबियन रियाल, कतारी रियाल, युएई दिराम, हङकङ डलर, कुवेती दिनार, बहराइन दिनार, ओमनी रियालको भाउ बढेको छ।

यस्तै, युरोपियन युरो, युके पाउन्ड स्टर्लिङ, स्वीस फ्र्याङ्क, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, सिङ्गापुर डलर, चिनियाँ युआन, जापानी येन, थाई भाट, साउथ कोरियन वन, स्वीडिस क्रोनर, डेनिस क्रोनरको भाउ भने घटेको छ। यस्तै, केही विदेशी मुद्राको भाउ भने अघिल्लो दिनको तुलनामा स्थिर छ।

राष्ट्र बैंकका अनुसार शुक्रबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३८ रूपैयाँ ०४ पैसा र बिक्रीदर एकसय ३८ रूपैयाँ ६४ पैसा

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# सन् २०२४ मा २४ करोड २० लाख बालबालिकाको विद्यालय शिक्षा प्रभावित : युनिसेफ

संयुक्त राष्ट्रसंघ, संयुक्त राज्य अमेरिका, ११ माघ ( रासस/एएफपी) ।

अत्यधिक प्रतिकुल मौसमका कारण गत वर्ष ८५ देशका करिब २४ करोड २० लाख बालबालिकाको विद्यालय शिक्षा प्रभावित भएको संयुक्त राष्ट्रसङ्घीय बालबालिका सम्बन्धी निकाय (युनिसेफ)ले बिहीबार जनाएको छ ।

युनिसेफकी कार्यकारी निर्देशक क्याथरिन रसलले बालबालिकाहरू अत्यधिक प्रतिकुल मौसमको चपेटामा पर्ने चेतावनीमध्ये गर्मीको लहरले सबैभन्दा बढी प्रभाव पारेको प्रतिवेदनमा उल्लेख छ ।

उहाँले एक विज्ञप्ति जारी गरी भन्नुभयो, "बालबालिकाहरू तातोका कारण छिटो प्रभावित हुन्छन्, उनीहरूको कम पसिना बग्छ र वयस्कहरूको तुलनामा बिस्तारै चिसो हुन्छन् र तातो मौसमबाट प्रभावित हुन्छन् ।"

उहाँले अगाडि भन्नुभयो, "बच्चाहरू चर्को गर्मीबाट कुनै राहत नदिने कक्षाकोठामा अध्ययनमा ध्यान केन्द्रित गर्न सक्दैनन्, बाढी वा चिसोमा पनि उनीहरूले विद्यालय उपस्थित हुन असमर्थ हुन्छन् ।"

दशकौंसम्म जीवाश्म ईन्धनको अनियन्त्रित जलनलगायत मानव गतिविधिले पृथ्वीलाई न्यानो बनाएको छ र मौसमको ढाँचापरिवर्तन गरेको छ ।

सन् २०२४ मा विश्वको औसत तापक्रम उच्च बिन्दुमा पुगेको छ र पछिल्ला केही वर्षहरूमा यसले अस्थायी रूपमा पहिलो पटक १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिको सीमा पार गरेको छ ।

यसले गर्दा चिसोमा बढी चिसो र सुख्खा याम बढी सुख्खा भएको छ, गर्मी र आँधीबेहरी तीव्र भएको छ र जनसङ्ख्यालाई विपत्तिको चपेटामा पारेको छ।युनिसेफको प्रतिवेदनमा २४ करोड २० लाखको आँकडा 'परम्परागत बिधिबाट गरिएको अनुमान' भएको उल्लेख गरिएको छ ।

किन्डरगार्टनदेखि हाई स्कूलसम्मका विद्यार्थीहरूले जलबायुको झट्काका कारण बर्षभरि नै कक्षाहरू अनुपस्थित भएका, बिदाहरू थपिएको, बिदालय पुनः खोल्न ढिलाइ भएको, समय तालिकाहरू परिवर्तन भएको र विद्यालयहरू समेत क्षतिग्रस्त वा नष्ट भएको उपलब्ध तथ्याङ्कले देखाएको छ ।

बङ्गलादेश, कम्बोडिया, भारत, थाइल्याण्ड र फिलिपिन्समा तापक्रम बढेसँगै अप्रिलमहिनामा मात्रै ११ करोड ८० लाख बालबालिका गर्मीबाट प्रभावित भएका थिए ।

फिलिपिन्समा विशेष गरी हजारौं गैर-वातानुकूलित विद्यालयहरूमा बच्चाहरू हाइपरथर्मियाको जोखिममा भएका कारण विदालय बन्द गरिएको थियो ।

धेरै देशहरूमा विद्यालयमा नयाँ सत्र सुरू हुने सेप्टेम्बरमा धेरै देशमा पठनपाठन प्रभावित भएको थियो।विशेषगरी पूर्वी एसिया र प्रशान्त क्षेत्रमा आएको विनाशकारी आँधी यागीका कारण १८ वटा देशमा पठनपाठन बन्द गरिएको थियो ।

दक्षिण एसिया जलवायुसँग सम्बन्धित विद्यालय अवरोधबाट सबैभन्दा बढी प्रभावित क्षेत्र थियो, जहाँ १२ करोड ८० लाख विद्यालयका बालबालिका प्रभावित भएका थिए । गत बर्ष भारतमा सबैभन्दा बढी पाँच करोड ४० लाख बालबालिका गर्मीका कारण प्रभावित भएका थिए । बङ्गलादेशमा पनि तीन करोड ५० लाख मानिस गर्मी वा मौसमजन्उ विपत्तिबाट प्रभावित भएका थिए ।

विश्वका आधा भन्दा बढी बालबालिका (करिब एक अर्ब) जलवायु र वातावरणीय झट्काको उच्च जोखिममा रहेका देशहरुमा बसोबास गरिरहेकाले आगामी बर्षहरुमा यो आँकडा बढ्ने सम्भावना रहेको छ ।

यदि हरितगृह ग्याँसको उत्सर्जन अहिलेकै गतिमा जारी रह्यो भने सन् २००० को तुलनामा सन् २०५० मा आठ गुणा बढी बालबालिका गर्मीको लहरको चपेटामा पर्ने युनिसेफको अनुमान छ ।

अनुमानअनुसार तीन गुणाभन्दा बढी मानिस भीषण बाढीको चपेटामा पर्नेछन् भने १.७ गुणा बढी डढेलोको चपेटामा पर्नेछन् ।युनिसेफले यस क्षतिले केही बालबालिका र यसमा पनि विशेषगरी बालिकाले विद्यालय छोड्ने जोखिम बढाउन सक्ने भन्दै चिन्ता व्यक्त गरेको छ ।

विश्वका करिब दुई तिहाइ बालबालिकाले १० वर्षको उमेरसम्म बुझ्नै नसक्ने गरी पढ्न नसक्ने भएकाले जलवायु सङ्कटले यो वास्तविकतालाई अझ विकराल बनाइरहेको छ । रसेलका अनुसार जलवायु परिवर्तनका कारण सबैभन्दा बढी प्रभावित हुने सेवामध्ये शिक्षा पनि एक हो ।

"तैपनि नीतिगत छलफलहरूमा यसलाई बेवास्ता गरिन्छ," उहाँले चेतावनी दिनुभयो । उहाँले भन्नुभयो, "बालबालिकाको भविष्य जलबायुसँग सम्बन्धित सबै योजना र कार्यहरूमा अग्रपंक्तिमा हुनुपर्दछ ।"युनिसेफले जलवायु जोखिमप्रतिरोधी कक्षाकोठामा लगानी गर्न पनि आह्वान गरेको छ ।

---

## अमेरिकी डलरको...

कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४३ रूपैयाँ ७३ पैसा र बिक्रीदर एक सय ४४ रूपैयाँ ३६ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रूपैयाँ १५ पैसा र बिक्रीदर एक सय ७० रूपैयाँ ८९ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५२ रूपैयाँ १९ पैसा र बिक्रीदर एक सय ५२ रूपैयाँ ८५ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ५४ पैसा र बिक्रीदर ८६ रूपैयाँ ९२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रूपैयाँ ९२ पैसा र बिक्रीदर ९६ रूपैयाँ ३३ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रूपैयाँ ७७ पैसा र बिक्रीदर एक सय दुई रूपैयाँ २१ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रूपैयाँ ८२ पैसा र बिक्रीदर आठ रूपैयाँ ८६ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ९४ पैसा र बिक्रीदर १९ रूपैयाँ ०२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ८० पैसा र बिक्रीदर ३६ रूपैयाँ ९६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ८६ पैसा र बिक्रीदर ३८ रूपैयाँ ०३ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ०६ पैसा र बिक्रीदर चार रूपैयाँ ०८ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ५८ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ०६ पैसा र बिक्रीदर ३१ रूपैयाँ २० पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ६१ पैसा र बिक्रीदर नौ रूपैयाँ ६५ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ५३ पैसा र बिक्रीदर १२ रूपैयाँ ५८ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ २७ पैसा र बिक्रीदर १९ रूपैयाँ ३५ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ७२ पैसा र बिक्रीदर १७ रूपैयाँ ८० पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४७ रूपैयाँ ८३ पैसा र बिक्रीदर चार सय ४९ रूपैयाँ ७८ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६६ रूपैयाँ २६ पैसा र बिक्रीदर तीन सय ६७ रूपैयाँ ८५ पैसा, ओमनी रियाल एकको खरिददर तीन सय ५८ रूपैयाँ ६३ पैसा र बिक्रीदर तीन सय ६० रूपैयाँ १९ पैसा तोकिएको छ । यस्तै, भारतीय रूपैयाँ एक सयको खरिददर एक सय ६० रूपैयाँ र बिक्रीदर एक सय ६० रूपैयाँ १५ पैसा निर्धारण भएको छ ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ ।

---


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### गाजाको भग्नावशेष हटाउन पाँच बर्ष लाग्ने

रामल्लाह, ११ माघ (रासस/सिन्ह्वा) ।

गाजामा रहेको भग्नावशेष हटाउन पाँच बर्षसम्म लग्ने प्यालेष्टिनी अधिकारीले बताएका छन् ।

पर्याप्त रकम र उपकरण उपलब्ध भएमा इजरायलसँगको द्वन्द्वका क्रममा गाजामा रहेको भग्नावशेष हटाउन तीनदेखि पाँच वर्ष लाग्न सक्ने प्यालेस्टिनी सार्वजनिक संरचना निर्माण तथा आवास मन्त्री अहेद बिसिसोले बताउनुभएको हो ।

विस्फोटक पदार्थ पत्ता लगाउनका लागि स्रोत, कोष र विशेष उपकरणहरू सुरक्षित गर्न, र भग्नावशेष उठाउन, सामान छुट्टाउन र ढुवानी गर्न तीनदेखि पाँच बर्ष लाग्नसक्ने अनुमान गरिएको बिसिसोले प्यालेस्टिनी समाचार संस्था (वाफा) सँग बताउनुभएको हो ।

उहाँले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) लगायत विभिन्न संस्थासँग सडक खुलाउने र भग्नावशेष हटाउने प्रक्रियामा समन्वयका लागि आफ्नो मन्त्रालयले काम गरिरहेको बताउनुभयो ।

अर्को चरणमा विद्यालय, अस्पताल र मस्जिदसहित १५० वटा सार्वजनिक भवनको भग्नावशेष हटाउने र सडक पुनः सञ्चालन गर्ने विषयमा केन्द्रित हुने बिसिसोले बताउनुभयो ।

"पेश गरेको दुई करोड ५० लाख क्षतिको स्थानीय बासिन्दाले पेश गरेको प्रतिवेदनमा आधारित विस्तृत अध्ययन पूरा भएको छ," बिसिसोले भन्नुभयो ।

वेस्ट बैङ्क र गाजा दुवैको स्थितिलाई सम्बोधन गर्न एउटा कार्य दल स्थापना गरिएको छ । बिसिसोले भन्नुभयो, "प्रारम्भिक जानकारी अनुसार इजरायली आक्रमणका कारण लगभग चार लाख आवासीय एकाइहरू पूर्ण वा आंशिक रूपमा नष्ट भएका छन् । दाताहरूको समन्वयमा दुई लाख नयाँ एकाईहरूको निर्माण गरिनुपर्ने आवश्यकता देखिएको छ ।"

आंशिक रुपमा क्षति भएका घरहरूको मर्मत सम्भार गर्न र घरहरू पूर्ण रुपमा ध्वस्त भएकाहरूलाई अस्थायी आवास उपलब्ध गराउन साझेदारहरूसँग मिलेर काम गर्ने मन्त्रालयको योजना छ ।

उहाँका अनुसार आफन्तसँग बस्ने परिवारले आर्थिक क्षतिपूर्ति पाउनेछन् । संयुक्त राष्ट्रसङ्घको अनुमानअनुसार २० लाखभन्दा बढी जनसङ्ख्या रहेको गाजामा पाँच करोड टनभन्दा बढी भग्नावशेष हटाउन आवश्यक छ र यसका लागि करिब एक अर्ब २० करोड अमेरिकी डलर को लागत लाग्नेछ ।

गाजास्थित प्यालेष्टिनी सरकारी सञ्चारमाध्यम वाफाको कार्यालयले युद्धविरामपछिको आफ्नो पहिलो मूल्याङ्कनमा गाजा पट्टीको ८८ प्रतिशत क्षेत्रमा क्षति पुगेको र प्रारम्भिक क्षति ३८ अर्ब डलरभन्दा बढी भएको अनुमान गरेको छ ।

### ट्रम्पको निर्वासन अभियान जारी, सयौं आप्रवासी पक्राउ : ह्वाइट हाउस

वासिङ्टन, ११ माघ (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामूहिक निर्वासन अभियान सुरु गरेसँगै अमेरिकामा रहेका सयौं आप्रवासीलाई बिहीबार पक्राउ गरिएको र केहीलाई सैनिक बिमानमार्फत देश बाहिर लगिएको ह्वाइट हाउसले जनाएको छ ।

राष्ट्रपति ट्रम्पले शुक्रबार क्यालिफोर्निया र नर्थ क्यारोलिनाको आफ्नो पहिलो भ्रमण गर्ने तयारी गरिरहेका बेला आप्रवासीहरूलाई पक्राउ गरिएको खबर सार्वजनिक भएको हो ।

ह्वाइट हाउसकी प्रेस सचिव कारोलिन लेभिटले ट्रम्प प्रशासनले बिहीबार ५३८ जना अवैध आप्रवासी अपराधीलाई पक्राउ गरेको र सयौंलाई सैनिक बिमानमार्फत देश निकाला गरिएको बताएकी छन् ।

'इतिहासकै सबैभन्दा ठूलो निर्वासन अभियान चलिरहेको छ,' उनले सामाजिक सञ्जाल एक्समा लेखेकी छन् ।

ट्रम्पले चुनाबी अभियानका क्रममा अवैध आप्रवासनविरुद्ध कडा कदम चाल्ने वाचा गरेका थिए र यसै साता आफ्नो दोस्रो कार्यकालको सुरुवात संयुक्त राज्य अमेरिकामा प्रवेशमा सुधार गर्ने उद्देश्यले कार्यकारी निर्णयमा यसलाई समावेश गर्नुभएको थियो ।

राष्ट्रपतिको रूपमा आफ्नो पहिलो हप्ताको दोस्रो दिन ट्रम्पले भारी आयात करको साथ प्रहार गर्ने आफ्नो निर्वाचन अभियानमा बारम्बारको प्रतिज्ञाका बाबजुत फक्स न्यूजसँगको अन्तवार्तामा भन्नुभयो, "अमेरिकाको सबैभन्दा ठूलो आर्थिक प्रतिद्वन्द्वी (चीन) लाई भारी आयात करको साथ प्रहार गर्ने आफ्नो बारम्बार प्रतिज्ञाका बाबजुत चीनमाथि तत्काल कर बृद्धि हुनेछैन ।"

उहाँले उत्तर कोरियाली नेता किम जोङ उनसँग आफूले यसअघि तीन पटक भेटेको र उहाँलाई 'स्मार्ट मान्छे' को संज्ञा दिनुभएको थियो ।

आफ्नो कार्यकालको पहिलो दिन नै राष्ट्रपति ट्रम्पले दक्षिणी सीमामा 'राष्ट्रिय आपतकालीन अवस्था' घोषणा गर्ने आदेशमा हस्ताक्षर गर्नुभएको थियो र आप्रबासीलाई 'आपराधिक एलियन' को संज्ञा दिंदै उनीहरूलाई देश निकाला गर्ने वाचा गर्दै त्यस क्षेत्रमा थप सेना तैनाथ गर्ने घोषणा गर्नुभएको थियो । संयुक्त राज्य अमेरिकामा अनुमानित एक करोड १० लाख गैरकानुनी आप्रवासी छन् ।

बिहीबार न्यूजर्सीको नेवार्क शहरका डेमोक्र्याटिक मेयर रास बाराकाले एक विज्ञप्ति जारी गर्दै भन्नुभयो, "अध्यागमन र भन्सार प्रबर्तन (आईसीई) का एजेन्टहरूले "एक स्थानीय प्रतिष्ठानमा छापा मारेको र बिना कागजात वा अवैध कागजातबाहक विदेशी निवासीलाई हिरासतमा लिइएको छ।" बाराकाका अनुसार छापामार्ने क्रममा पक्राउ परेकामध्ये एक जना अमेरिकी सेनाका भूतपूर्व सैनिक थिए ।

आईसीईले एक्समा अद्यावधिक गरेको रिपोर्टमा '५३८ जनाको गिरफ्तारी गरी र ३७३ जनालाई हिरासतमा राखिएको' जानकारी गराइएको छ । आइसिईले आपराधिक अभियोगमा पक्राउ परेका र अमेरिकी कानून अनुसार निर्वासित गर्न सकिने गैर-नागरिकहरूलाई हिरासतमा राख्छ ।

# छैठो मेयरकप फुटबल प्रतियोगिताको फाइनलमा आयोजक र लहान भिड्ने

**दैनिक समाचारदाता**
**राजविराज, ११ माघ ।**

पिडरबोनी फुटबल क्लब पिडरबोनी लहान सिरहा सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित छैठो मेयरकप २०८१ फुटबल प्रतियोगिताको फाइनमा प्रवेश गरेको छ ।

प्रतियोगिता अन्तर्गत शुक्रबार सम्पन्न दोश्रो सेमिफाइनलमा त्रियुगा स्पोर्टस क्लब फतेपुर सप्तरीलाई शुन्यका बिरुद्ध तीन गोल अन्तरले पराजित गर्दै लहान सिरहाले फाइनलमा आयोजक सन्यासी युवा क्लब पोखरियासँगको भेट पक्का गरेको हो ।

प्रतियोगिताको पहिलो हाफको १५ औं र २२औं मिनेटमा लहान सिरहाका खेलाडीले गोल गरी टिमलाई अग्रता दिलाएको थियो । दोश्रो हाफको २४ औं मिनेटमा लहान सिरहाका खेलाडीले तेश्रो गोल गर्दै टिमको जित सुनिश्चित गरेको थियो ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा सन्यासी युवा क्लब पोखरिया सप्तरीको संयोजन तथा छैठो मेयरकप २०८१ फुटबल प्रतियोगिता सञ्चालन समितिद्वारा सञ्चालित प्रतियोगिताको फाइनलमा आइतवार लहान सिरहा र आयोजक सन्यासी युवा क्लब पोखरिया आमने सामने हुनेछ ।

प्रतियोगिता अन्तर्गत भोली शनिवार उदयपुर महिला टिम र सप्तरीको महिला टिमबीच मैत्रीपुर्ण खेल हुने सन्यासी युवा क्लवका सचिव श्रवण कुमार चौधरीले जानकारी दिए ।

सप्तरीसहित सिरहा, महोत्तरी, उदयपुर र मोरङ्गका १० टिमको सहभागिता रहेको सो प्रतियोगिताका बिजेता टिमले नगद ५५ हजार तथा ट्रफि र उपविजेता टिमले नगद ४५ हजार तथा कप प्राप्त गर्ने आयोजकले जनाएको छ ।

सन्यासी युवा क्लवले गत २०४३ सालदेखि फुटवल प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८१/८२
च.नं. ५३६६
मिति: २०८१/१०/०८

**विषय : ३५ दिने हकदाबी सम्वन्धि सार्वजनिक सूचना ।**

७६ नं. को रैती सानो नसिब गोपको नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे रायपुर हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. रायपुर वडा नं. ७ हाल परिवर्तित रुपनी गा.पा. वडा नं. २ वस्ने सत्य नारायण यादव-१ जगदीश प्रसाद खेरवार -१ योगेन्द्र प्रसाद खेरवार -१ दिपेन्द्र प्रसाद खेरवार -१ महेन्द्र प्रसाद खेरवार -१ समेत ५-जनाको यस कार्यालयमा द.नं. ८५३९ मिति २०८१/०८/२५ गतेमा संयुक्त निवेदन परि हकदाबी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८१/१०/०८ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हक्दाबी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला । म्याद भित्र कसैको हक्दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४३९ | नक्टीरायपुर | ९क | ४७७ | ०-८-१३ | सानो नसिब गोप | यो जग्गा रामजी खेडवारको नम्बरी हो भनि कैफियत महलमा उल्लेख रहेको, किसान महलमा पिपराही वार्ड नं. २ बस्ने बिलेटी खेडवार उल्लेख रहेको |

श्री लक्ष्मी प्रसाद कोईराला
(प्रमुख मालपोत अधिकृत)

# मन्त्री पौडेलद्वारा एचपिभी खोप लगाउन किशोरीलाई अनुरोध

काठमाडौं, ११ माघ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप लगाउन अनुरोध गर्नुभएको छ ।

उहाँले शुक्रबार एक भिडियो सन्देश जारी गर्दै नेपालमा पाठेघरको मुखको क्यान्सरसम्बन्धी जोखिम बढ्दै गएको विभिन्न तथ्याङ्कले देखाएको भन्दै किशोरीलाई खोप लगाउन अनुरोध गर्नुभएको हो । उहाँले प्रारम्भिक किशोरावस्थामा एचपिभी खोप लगाएमा पाठेघरको मुखको क्यान्सर हुनबाट बच्न सकिने धारणा राख्नुभयो ।

"सरकारको नीति तथा कार्यक्रममा एचपिभी खोप ल्याउने योजना बनाएअनुरुप खोप ल्याएर देशैभर अभियान सञ्चालन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "यो अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्मका छात्राहरू र विविध कारणले विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेरसम्मका सम्पूर्ण किशोरीलाई स्वास्थ्य सेवा विभागमार्फत खोप दिन थालिएको छ ।"

मन्त्री पौडेलले आगामी वर्षदेखि कक्षा ६ का छात्राहरू र विद्यालय बाहिर रहेका १० वर्षका किशोरीलाई नियमित अभियानमार्फत खोप दिइने बताउनुभयो । उहाँले यस अभियानलाई सफल बनाउन सबैको सहभागिता आवश्यकता पर्ने बताउँदै सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका स्वास्थ्य तथा शिक्षा क्षेत्रका प्रतिनिधि, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालगायत सम्बन्धित सबैको सहभागिता लागि आह्वान गर्नुभयो ।

मन्त्री पौडेलद्वारा जारी विज्ञप्तीमा विद्यालय केन्द्रित खोप केन्द्रबाट उपलब्ध गराइने भएकाले लक्षित समूहका किशोरीहरूले आआफ्नो विद्यालय वा नजिकको विद्यालयमा खोप लगाउन अनुरोध गरिएको छ ।

किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउन यही माघ २२ गतेदेखि आगामी फागुन ६ गतेसम्म देशभरिका कक्षा ६ देखि १० सम्मका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरीलाई विद्यालयमा गएर खोप लगाइने मन्त्रालयले जनाएको छ ।

# शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्वल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

# भारतमा रेल दुर्घटनामा सात नेपालीको मृत्यु, सरकारद्वारा दुःख व्यक्त

काठमाडौं, ११ माघ (रासस) ।

सरकारले यही माघ ९ गते भारतको महाराष्ट्र राज्यको जलगाउँ जिल्लाको परधाडे स्टेसननजिकै भएको रेल दुर्घटनामा परी सात नेपालीसहित १२ जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गरेको छ ।

परराष्ट्र मन्त्रालयले शुक्रबार विज्ञप्तिमार्फत उक्त दुर्घटनामा आफन्त गुमाएका शोकाकुल परिवारजनप्रति समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । उक्त रेल दुर्घटनामा परी नेपाली नागरिक कमला नवीन भण्डारी, लछिराम पासी, हिमु नन्दराम विश्वकर्मा, नन्दराम पद्म विश्वकर्मा, मैसारा कामी विश्वकर्मा, जोक्ला कामी र राधेश्याम राध नेपालीको निधन भएको मन्त्रालयले जनाएको छ ।

दुर्घटनामा घाइते भएका चार नेपालीमध्ये तीनजनाको स्थानीय अस्पताल र गम्भीर घाइते एकजनाको गोदावरी अस्पताल, जलगाउँमा उपचार भइरहेको छ । दुर्घटनामा मृत्यु भएका नेपालीको शव नेपाल ल्याउन तथा घाइतेको शीघ्र उपचार गर्नका लागि परराष्ट्र मन्त्रालयले नयाँ दिल्लीस्थित नेपाली राजदूतावास तथा काठमाडौंस्थित भारतीय राजदूतावासमार्फत भारत सरकारका सम्बन्धित निकायसँग समन्वय एवं सहजीकरण गरिरहेको जनाएको छ ।

# शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्वल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*